# आधुनिक नेपाली कथामा पत्रप्रयोगको अन्तर्य

**डा. विष्णु न्यौपाने**
**उप-प्राध्यापक**
**सरस्वती बहुमुखी क्याम्पस, त्रि.वि.**
**neupanesmc@gmail.com**

**Artical History**

| Received | Revised | Accepted |
|---|---|---|
| 30th January, 2022 | 4th April, 2022 | 5th May, 2022 |

## लेखसार

प्रस्तुत अनुसन्धानात्मक लेखमा आधुनिक नेपाली कथामा पत्रप्रयोगको अन्तर्यको विश्लेषण र मूल्याङ्कन गरिएको छ । विचारविनिमयको साधनका रूपमा प्रयुक्त हुँदै आएका पत्रहरू विभिन्न माध्यम, कागजका पाना हुँदै आधुनिक प्रविधिमय फेसबुक, म्यासेन्जर, इमेल जस्ता विद्युतीय माध्यममा प्रयोग भएका छन् । साहित्यका विभिन्न विधामा विशेष सन्दर्भमा पनि पत्रको प्रयोग भएका छन् । आधुनिक नेपाली कथाका घटनाको विशेष सन्दर्भ, पात्रको चरित्राङ्कन तथा विशेष परिवेशको निर्माणको अवस्था आदिमा पत्रको प्रयोग गरिएका छन् । त्यस्ता पत्रले कथाका मूल तफ्वको सम्वर्धनमा महफ्वपूर्ण भूमिका निर्वाह गरेका हुन्छन् । यिनले भनाइलाई चोटिलो, घतिलो बनाएका छन् भने पात्र र परिवेशको चित्रणमा कलात्मकता भरेका पनि छन् । आधुनिक नेपाली कथामा प्रयुक्त पत्रको स्वरूप, विषयवस्तु र अभिप्रायको निरूपण गर्नु यस लेखको उद्देश्य हो । प्रस्तुत उद्देश्यप्राप्तिका लागि पत्रप्रयोगको आवश्यकता र पत्रप्रयोगको प्रयोजनलाई सैद्धान्तिक ढाँचाका रूपमा अवलम्बन गरी आधुनिक नेपाली कथामा प्रयुक्त पत्रहरूको पाठगत साक्ष्यका आधारमा नेपाली कथामा प्रयुक्त पत्रको अध्ययन, विश्लेषणद्वारा सामान्यीकरण गरी निष्कर्षीकरण गरिएको छ । कथामा पत्रप्रयोग कथाकारको विशिष्ट शैली भएकाले यिनले कथावस्तुको विन्यासमा रोचक र सार्थक निष्कर्षोन्मुख बनाउने, पात्रको चरित्राङ्कन र परिवेश चित्रणमा यी बहुपयोगी हुने निष्कर्ष निकालिएको छ ।

**प्रमुख शब्दावली** : आरामी खबर, आर्थिक कारोबार, घरव्यवहार, मायाप्रेम, सुखदुःख ।

## विषय परिचय

मानिस समाजमा बस्ने भएकाले आफ्ना कुरा अरूलाई सुनाउनु र अरूका कुरा आफूले सुन्नु पर्दछ । सुनाउने र सुन्ने दुवै पक्ष नजिक हुँदा कुराहरू एकआपसमा राख्न सकिन्छ तर परिस्थितिले मानिस सधैँ एकै ठाउँमा बस्न पाउँदैन । पढ्न, नोकरी गर्न वा अन्य विविध सन्दर्भमा मानिस आफ्नो बासस्थानदेखि टाढा जानुपर्ने अवस्था आउँछ । यसबाट घरपरिवारका सदस्य र शुभचिन्तकहरूसँग नियमित भेटघाट हुँदैन । त्यस्तो अवस्थामा आरामी खबर आदि आदानप्रदान गर्नु आवश्यक हुन्छ । खबर आदानप्रदान गर्ने विभिन्न माध्यमहरू छन् । तीमध्ये पत्र पनि एक हो । पत्र विशेष परिस्थितिमा घरव्यावहार, मायाप्रेम, सुखदुःख आदि विषय प्रस्तुत गर्ने भाषिक अभिव्यक्ति हो । यसमा प्रेषक र प्रापक गरी दुई पक्ष हुन्छन् । कतिपय कथा, उपन्यास आदि पत्रकै ढाँचामा लेखिएका हुन्छन् । ती पत्रसाहित्यअन्तर्गत पर्दछन् । कतिपय कथा, उपन्यास आदिमा यिनकै अंशका रूपमा पत्रको प्रयोग गरिएको हुन्छ । त्यस्ता पत्रहरू विशेष मोडमा, विशेष परिस्थिति जनाउन उपयोग गरिएका हुन्छन् । यिनले पत्रको अभिष्ट पूरा गर्नुभन्दा पनि तिनका उपकरणलाई संयोजनकारी भूमिका निर्वाह गरी समुचित निष्कर्षमा पुऱ्याउन सहयोग गरेका हुन्छन् ।

कथामा पत्रको प्रयोग हुनु र गरिनु कथाकारको निजी शैली हो । सबै कथाकारले आफ्ना कथामा पत्रको प्रयोग गरेका हुँदैनन् र छैनन् पनि । कथाकारले म अब मेरो कथामा पत्र लेख्दै छु भनेर ती लेखिँदैनन् । विषयवस्तुको आवश्यकताले पत्र निम्तिएका हुन्छन् । पत्रप्रयोगले कथामा विशेष कलात्मकता थपिएको हुन्छ । कथावस्तुको विशेष मोड तथा विषम परिस्थितिमा यिनीहरू प्रयोग गरिएका हुन्छन् । त्यसरी प्रयोग गरिएका पत्रले ती कथामा विशेष भूमिका निर्वाह गरेका हुन्छन् । आधुनिक नेपाली कथाहरूमा कथाको अंशका रूपमा पत्रको प्रयोग गरिएको पाइन्छ । ती पत्र किन, कसरी र

केका लागि प्रयोग गरिए भन्ने कुराप्रति आमपाठक अभिरुचि राख्दछन् । नेपाली कथामा प्रयुक्त पत्रको स्वरूप, विषयवस्तु र अभिप्राय निक्र्यौल गर्नु यस लेखको उद्देश्य हो । प्रस्तुत लेख कथाकारले कथांशका रूपमा प्रयोग गरेका पत्रको अध्ययनमा मात्र केन्द्रित छ । आधुनिक नेपाली कथामध्ये सम्भावनारहित उद्देश्यमूलक नमुना छनोट विधिका आधारमा कृतिहरू छनोट गरी ती कृतिमा प्रयुक्त पत्रको स्वरूप विषयवस्तु र अभिप्रायको मात्र अध्ययन गरिएको छ । नेपाली कथामा प्रयुक्त पत्रलाई आधार बनाई तिनको समीक्षा गरिएको यो अध्ययन अनुसन्धाता, साहित्यकार, समालोचक, शिक्षक, विद्यार्थीका लागि उपयोगी र महङ्खवपूर्ण हुने देखिन्छ । कथामा प्रयुक्त पत्रका बारेमा यस अगि व्यवस्थित अध्ययन भएको पाइएन । त्यसैले यससम्बन्धी अध्ययन आवश्यक ठानी आधुनिक नेपाली कथामा पत्रप्रयोगको अन्तर्य शीर्षकमा प्रस्तुत अध्ययन गरी अनुसन्धान लेख तयार गरिएको हो ।

## अध्ययनको विधि

प्रस्तुत अध्ययनका निम्ति निर्धारित उद्देश्य पूरा गर्न पुस्तकालय कार्यबाट पत्रप्रयुक्त आधुनिक नेपाली कथाहरूलाई प्राथमिक सामग्रीका रूपमा सङ्कलन गरिएको छ । यसरी सङ्कलित सामग्रीहरूबाट प्राप्त तथ्याङ्कको विश्लेषण र मूल्याङ्कन गरी सामान्यीकृत निष्कर्षसम्म पुग्नका लागि विभिन्न सैद्धान्तिक र प्रायोगिक समालोचनाका ग्रन्थहरू द्वितीयक सामग्रीको रूपमा उपयोग गरिएको छ । उपर्युक्त दुवै प्रकारका सामग्रीहरूको समुचित प्रयोग गरी नेपाली कथामा प्रयुक्त पत्रको स्वरूप, विषयवस्तु र तिनको औचित्य विश्लेषणको एउटा सैद्धान्तिक ढाँचा तयार पारिएको छ र निगमन विधिबाट सामग्रीको व्यवस्थापन गर्दै त्यसलाई अर्थापन गरिएको छ ।

## सैद्धान्तिक आधार

कथामा कुनै विषयमा जोड दिनुपर्दा, पात्रको परिचय दिन तथा वातावरणको विशिष्टता व्यक्त गर्ने सन्दर्भमा पत्रको प्रयोग गरिएको हुन्छ । आफ्ना आफन्त वा नजिकका व्यक्तिलाई प्रत्यक्ष भेट्न नसकेको, नपाइएको वा नचाहेको अवस्थामा पत्र महङ्खवपूर्ण साधन बन्दछ । कतिपय सन्दर्भमा आफ्नो मनपरेको मान्छे : प्रेमी-प्रेमिका, पति-पत्नी, साथी-साथी बिच केही कुरा व्यक्त गर्नुपऱ्यो तर मनका कुरा व्यक्त गर्न अप्ठेरो परेको अवस्थामा पत्र नै उपयुक्त माध्यम बन्दछ । घरपरिवारका घरायसी कुरा, आर्थिक लेनदेनका कुरा, आफन्तजनका घरायसी कामकारबाही, पति-पत्नीका सुखदुःख, प्रेमी-प्रेमिकाका मायाप्रेम पत्रका माध्यमबाट प्रस्तुत गर्दा बढी उपयोगी हुन सक्दछन् । कथाकारले पात्रको चरित्रचित्रण तथा परिवेश चित्रणका लागि पत्रको सहारा लिन सक्छ । त्यस्ता पत्रहरू वास्तविक जीवनसँग सम्बन्धित, यथार्थ धरातलमा आधारित वा साहित्य सिर्जनाको प्रयोजनमा स्रष्टा आफैंले निर्मित वा काल्पनिक हुन सक्दछन् । पत्रमा पति-पत्नीका सुखदुःख, प्रेमी-प्रेमिकाका मायाप्रेम, घरपरिवारका सदस्यहरू बिच आपसी घरायसी कुराहरू, आफन्तजनका घरायसी कामकारबाही तथा आर्थिक लेनदेनका कुरामा पत्र लेखिएका हुन्छन् ।

पत्रमा दुई पक्ष अपेक्षित हुन्छन् : पत्र लेख्ने, पठाउने वा प्रेषित गर्ने पहिलो पक्ष र पत्र प्राप्त गर्ने दोस्रो पक्ष । पत्र प्रेषित गर्ने पहिलो पक्षलाई प्रेषक र पत्र प्राप्त गर्ने दोस्रो पक्षलाई प्रापक भनिन्छ । ती दुवै व्यक्ति, दुवै संस्था वा एउटा व्यक्ति र अर्को संस्थामध्ये जुन पनि हुन सक्दछ । पत्रका प्रयोक्तका रूपमा घरपरिवारका सदस्य, पति-पत्नी, साथी-साथी, प्रेमी-प्रेमिका, सरकार-जनता, व्यक्ति-कार्यालय आदि हुन्छन् । घरपरिवारका सदस्यहरू बिच लेखिएका पत्रमा आरामी खबर, आर्थिक लेनदेन, घरायसी गन्थन, घरव्यवहारसम्बन्धी कुराहरू उल्लेख गरिएका हुन्छन् । पति-पत्नी बिच लेखिएका पत्रमा घरव्यवहार तथा सुखदुःखका कुरा उल्लेख गरिएका हुन्छन् । सासू-ससुरा, छोरा-छोरी बिच लेखिएका पत्रमा घर व्यावहार साथै आर्थिक कारोबार पनि व्यक्त गरिएका हुन्छन् । प्रेमी-प्रेमिकाबिच लेखिएका पत्रमा मायाप्रेम तथा विभिन्न गुनासा तथा मागहरू राखिएका हुन्छन् । सर्वसाधारण व्यक्तिले साहुमहाजन तथा ठुलाबडालाई लेखिएका पत्रमा आर्थिक कारोबार, कुनै वस्तु तथा चिजको माग गरिएका आदि कुराहरू व्यक्ति गरिएका हुन्छन् ।

कथामा प्रयुक्त पत्रको निरूपणका निम्ति निम्नलिखित दुईओटा आधारसहितको एउटा सैद्धान्तिक ढाँचा तयार गर्न सकिन्छ : कथामा पत्रप्रयोगको आवश्यकता, कथामा पत्रप्रयोगको प्रयोजन । पत्रप्रयोगको आवश्यकतामा भेटघाट हुन नसक्दा, आफ्नो विचार व्यक्त गर्न नसक्दा, आफ्नो विचार व्यक्त गर्न नचाहँदा, हानिनोक्सानी हुने अवस्था हुन्छन् ।

पत्रप्रयोगको प्रयोजन आरामी खबर, घरव्यवहार, सुखदुःख, मायाप्रेम, आर्थिक कारोबार र विषयको जानकारी आदि हुन्छ। प्रस्तुत लेखमा यिनै दुई पक्षमा केन्द्रित रही आधुनिक नेपाली कथामा प्रयुक्त पत्रको स्वरूप, विषयवस्तु र अभिप्रायको विवेचना गरी कथामा प्रयुक्त पत्रको विमर्श र मूल्याङ्कन गरिएको छ ।

## विमर्श र परिणाम

गुरुप्रसाद मैनालीको नासो (वि.सं. १९९२) बाट नेपाली कथाले आधुनिक कालमा प्रवेश गरेको हो । केही आधुनिक नेपाली कथाहरूमा कथांशका रूपमा पत्रको प्रयोग गरिएका छन् । ती पत्रहरूको सूक्ष्मपठन गरी कथामा पत्रप्रयोगको आवश्यकता र कथामा पत्रप्रयोगको औचित्य दुई आधारमा ती पत्रको विमर्श गरी निष्कर्षीकरण गर्न सकिन्छ ।

### कथामा पत्रप्रयोगको आवश्यकता

कथामा पत्रप्रयोगको आवश्यकता विभिन्न हुन्छन् । भेटघाट हुन नसकेको सन्दर्भमा आरामी खबर सम्प्रेषणका लागि, आफ्नो विचार खुलस्त राख्न नसकेको अवस्थामा आफ्नो विचार राख्ने माध्यमका रूपमा, मन नपरेका कारण आफ्नो मानिसलाई आफ्नो विचार राख्न नचाहेको सन्दर्भमा, कुनै कुरा प्रत्यक्ष राख्दा थप हानिनोक्सानी हुने सन्दर्भमा पत्र लेखिनु आवश्यक हुन्छ । आधुनिक नेपाली कथामा त्यस्तासन्दर्भमा विभिन्न पत्रहरू प्रयोग गरिएको पाइन्छ ।

गुरुप्रसाद मैनालीको प्रायश्चित्त कथामा समयले ठगेर बालविधवा बन्न पुगेकी गौरीको यौवनकालको चञ्चलतासँगै गोविन्दको शारीरिक बनावटले आकर्षित गर्दै नजिकिएको तर भेटघाट हुन नसकेको अवस्थामा उसले आफ्नो मनको अन्तरकुन्तरमा रहेको आत्मिक प्रेमभाव पोख्नको लागि गौरीले लेखेको पत्र प्रयुक्त छ । पत्रमा भनिएको छ, "दर्शन नपाएको महिना दिन भइसक्यो । परमेश्वरका दिव्यचक्षुलाई ढाक्न खोजेथैं, केही लागेन । नाथ ! डुबैं, निस्सासिन लागैं । तान्नुहोस् प्रभु ! यस अभागिनीको हात समातेर तान्नुहोस् !" (मैनाली, २०५७, पृ. १६) । यस पत्रमा गौरीले आफ्ना प्रेमी गोविन्दसँग सहयोगको याचना गरेकी छ । मैनालीकै सहिद कथामा पति पत्नीबाट टाढा भई भेटघाट हुन नसकेको अवस्थामा घरायसी कामकाजका कुरा प्रस्तुत गर्ने सन्दर्भमा पत्र लेखिएको छ । घरबाट ढाटा पुगेको वीर बहादुरले सन्चोबिसन्चो तथा घरपरिवारसँग सम्बन्धित कुराहरू त्यस पत्रमा उल्लेख गरेका छन् । मैनालीकै चिताको ज्वाला कथामा प्रस्तुत गरिएका दुई ओटा पत्रमध्ये पहिलो पत्र आफूभन्दा टाढा भएको एउटा साथीले अर्को साथीलाई आरामी खबर साथै सूचना प्रवाह गर्ने सन्दर्भमा आएको छ भने दोस्रो पत्र आफ्ना बालसखा (प्रेमी) लाई जीवनको अन्तिम क्षणमा भेटदिन आग्रह गरी लेखिएको छ । आपसमा भेटघाट हुन नसकेको तर खबर दिनुपर्ने कथाप्रसङ्गको क्रममा ती पत्रहरू लेखिएका छन् ।

माया ठकुरीको किन्नर कथामा प्रयुक्त पत्र आफ्नै साथी भेट हुँदा पनि आफ्नो वास्तविकता बताउन नसकेको तथा नमिल्ने भएको सन्दर्भमा लेखिएको छ । आफू दलालको फन्दामा परी बेचिएर किन्नर बन्नुपरेको, आफ्नो यो अवस्थाका बारेमा साथीका सामु बताउन र देखाउन नचाहँदा उसले पत्र लेख्नुपरेको छ । पत्रमा भनिएको छ, "यति वर्षपछि हिजो तिमीलाई कोलोनीमा भीडको माझमा देख्दा मैले तिमीलाई तत्कालै चिनेको थिएँ । मनमा त लागेको थियो भीडलाई छिचोल्दै गएर तिमीलाई अँगालो मारेर आफूमा आइपरेको बज्रपातको कथाव्यथा सबै भनूँ भनेर, तर ती सब कुरा भनेर मन हलुका पार्ने स्थिति नै थिएन त्यसबेला" (ठकुरी, २०७२, पृ. १४) । लोकलाजका कारण आफ्नो यथार्थ प्रत्यक्ष बताउन नसकेको तर सामाजिक चेतनाका लागि भन्नैपर्ने कुरा आएकाले यो पत्र लेखिएको बुझिन्छ । मञ्जु काँचुलीको साँच्चिकै सुकुम्बासी कथामा प्रयुक्त पत्र आफ्नो विचार व्यक्त गर्न नसक्दा लेखिएको पत्र हो । छोराले बाबुलाई आफ्नै घर खाली गर्नु भनी भन्न नसकेको अवस्थामा सो कुराको जानकारी गराउन प्रस्तुत पत्र लेखिएको छ । पत्रमा भनिएको छ, "मेरो नाममा हजुरले राखिदिनुभएको त्यो हजुर बसिरहनुभएको सुकुम्बासी नामको घरजग्गा विवशताले गर्दा बेच्नुपर्‍यो । त्यसै ले त्यो घरजग्गाको मालिक अर्कै व्यक्ति भइसकेको छ । दुई हप्ताभित्रमा त्यो घर खाली गरिदिनुहोला (काँचुली, २०६४, पृ. ३६-३७) । प्रस्तुत पत्रमा आफूलाई जन्म दिने बाबुलाई घर छाड्न भनिएको छ । बाबुकै अगाडि त्यसो भन्न सक्ने आँट उसमा नभएकाले उसले पत्रको सहारा लिएको छ ।

माया ठकुरीको मूक प्रेम कथामा प्रेमीले जुन निर्णय गरेका छन्, जुन कुरा प्रेमिका सामु नबताई पत्र लेखेर आफूचाहिँ

अनिश्चित यात्रामा हिँडेका छन्, त्यसो गर्नुमा यिनको बाध्यता देखिएको छ । यिनले आफ्नो यथार्थ बताउँदा आफू अपहेलित भएर जिन्दगीभर बाच्नुपर्ने ठानेर अनिश्चित यात्राको तय गरेको बुझिन्छ । प्रस्तुत कथामा प्रयुक्त पत्रमा भनिएको छ, "यहाँ बसें भने एक न एक दिन तिमीले मेरो विषयलाई जानेर मलाई धिक्कार्ने छ्यौ भन्ने भय छ । म तिम्रो निकटतामा जान चाहन्थेँ तर म विवश थिएँ, लाचार थिएँ । त्यो साँझ जब तिमी मेरो निकट आएर मेरो उदासीको कारण सोध्यौ तब म तिम्रो प्रश्नको उत्तर चाहेर पनि दिन असमर्थ थिएँ" (ठकुरी, २०६२, पृ. ३७-३८) । आफ्नो हीनताबोध प्रत्यक्ष प्रेमिका सामु राख्न नचाहेको प्रसङ्गमा प्रस्तुत पत्र लेखिएको छ । ठकुरीकै पेन फ्रेन्ड कथामा सुष्माले विनयलाई आफ्नो विचार प्रत्यक्ष व्यक्त गर्न नचाहँदा तर भन्नु नै पर्ने भएकाले कथामा कथांशका रूपमा पत्रको प्रयोग गरिएको छ । सुरूमा आवश्यकताले साथी भए पनि पछिको परिस्थितिमा सँगै रहने अवस्था नभएपछि पत्रमार्फत आफ्नो कुरा व्यक्त गरी छुट्टिनुपरेको छ । ठकुरीकै एवरग्रिन शान्ति शीर्षकको कथामा आफ्नो कुरा राख्न नचाहँदा पत्रको माध्यम लिइएको छ । पति र पत्नीबिच बिग्रिन लागेको सम्बन्ध तथा परिस्थितिलाई सुधार गर्न तथा मनोवैज्ञानिक प्रभाव पार्न प्रस्तुत पत्र लेखिएको छ । पति मणिकुमारले पत्नी चम्पालाई सम्बोधन गरी लेखिएको पत्रमा भनिएको छ, "भोलि पनि शान्ति बाहिर जाँदै छिन्, यसर्थ तिमी उहीँ सधैँझैँ दस नबज्दै मकहाँ आइपुग्नु ल ! अँ शान्ति जानासाथ म पर पसलबाट फोन गरेर जनाउने छु । फोन नपाए सम्झनु ऊ घरमै (ठकुरी, २०५९, पृ. ५२-५३) । प्रस्तुत पत्रमा पति मणिकुमारले पत्नी शान्तिमा घरपरिवारप्रति जिम्मेवारीबोध गराउने उपायको खोजी गरेका छन् । पति सकारात्मक सोचका असल व्यक्ति थिए तर पत्नी खराब । पत्नीमा सकारात्मक प्रभाव पार्न उनले त्यो पत्र लेखेको बुझिन्छ । यिनले पत्नीलाई उनले गरेका कार्यको स्वअनुभव गर्न लगाई आफ्नो बिग्रिन लागेको मार्गलाई छोडेर सही पथमा हिँड्न सिकाएका छन् । पत्नीलाई सही मार्गमा ल्याउन पति मणिकुमारका अर्तिले कुनै काम गरेको थिएन । यिनको चलाखीपूर्ण उपायस्वरूप अर्की नारीलाई लेखेको जस्तो, शान्तिले फेला पार्ने गरेर राखिएको त्यस पत्रले शान्तिमा वास्तविकताबोध तथा पश्चात्तापले आफ्नो कर्तव्यमा लाग्न सिकाएको र बाध्य पनि बनाएको छ । कुनै कथा वा उपन्यासमा त्यस्तो काम गर्न नोकर वा अरू पात्रलाई उपयोग गरिएको पाइन्छ भने ठकुरीद्वारा लिखित त्यस कथामा पत्रलाई माध्यम बनाइएको छ । त्यति सानो कार्यबाट पतिपत्नीमा सुमधर सम्बन्ध कायम भएको, स्थापित गराउने काम भएको देखाइएको छ । त्यसै गरी ठकुरीको युद्ध कथामा पत्नीले पतिलाई जति असल मार्गमा हिडाऊँ, सिकाऊँ भने पनि पति नमानेपछि तथा आफ्नो जीवन नै बर्बाद हुने अवस्था आएपछि प्रस्तुत पत्र लेखिएको छ । पत्रमा भनिएको छ, "त्यस रात तिमीले मेरो अघि जुन प्रकारको लज्जास्पद प्रस्ताव राख्यौ, त्यो सुनेर म स्तब्ध भएकी थिएँ । समाजको अघि आफ्नो पौरुष प्रमाणित गर्नका लागि र आफ्नो दमित इच्छा पूरा गर्नका निम्ति तिमीले आफ्नी पत्नीलाई परपुरुषको अङ्कशायिनी बनाउन खोजेका रहेछौ" (ठकुरी, २०७४, पृ. २३-३०) । पत्रमा अस्मिताले जुन कुरा भनेकी छन् वा जुन सामाजिक समस्या उठाएकी छन्, ती कुरा पतिका अगाडि प्रत्यक्ष उभिएर राखेकी भए भोलिपल्ट उनी यो समाजमा नहुन पनि सक्थिन्, उनी पतिको सिकार बन्न सक्थिन्, पतिले उनलाई साधुकहाँ लगी बलजफत उनको अस्मिता लुट्न लगाउँथे, पतिले उनको हत्यासमेत गर्न सक्थे वा यिनी आफैँ बाध्य भई आत्मदाह गर्नुपर्ने अवस्था आउन सक्थ्यो । यिनले पतिलाई बारम्बार सम्झाएकी छन्, बुझाएकी छन् तर जति गर्दा पनि पतिले नबुझेपछि, नमानेपछि आफू घिसारिएर साधुमहाराज कहाँ जानै पर्ने र उनलाई आफ्नो शरीर सुम्पनै पर्ने जटिल मोड कथामा आएको छ । त्यहीँ जटिल मोडमा, त्यहीँ जटिल विषयको प्रस्तुतिका लागि कथामा त्यो पत्र प्रस्तुत गरिएको छ । अस्मिताले त्यो पत्र लेखी पतिपत्नीको विगत बताउँदै कालो बादलरूपी समाजको अन्धविश्वास हटाउने प्रयास गरेकी छन् । त्यस पत्रबाट समाजका अस्मिताका जस्तै पतिहरू त पशुताबाट माथि उठलान् वा नउठलान् तर नारी आफू र आफ्नो अस्मिता जोगाउँदै समाजमा सन्तान उत्पत्तिका नाममा आफ्नो शरीर सुम्पन लाग्नेबाटै बाध्य बनाइने छैनन् र त्यसबाट नारीहरू जागरुक र सचेत हुने छन् र यस्तो अन्धपरम्पराको अन्त्य हुने छ भन्ने सन्देश पत्रमार्फत गराइएको छ ।

माया ठकुरीको देवी कथामा प्रयुक्त पत्र थप हानिनोक्सानीबाट बचाउने सन्दर्भमा लेखिएको पत्र हो । यदि रिताले आफू घर छाडेर जादै छु भनेको भए दिदी मधु वा आमाले उनीलाई जानबाट रोक्नुहुन्थ्यो । त्यसबाट उनको रघुवीरसँग विवाह गरी घरजम गर्ने विषयमा रोकावट हुन सक्थ्यो । त्यसैले आफू जाँदै गरेको कुरा पत्रमा उल्लेख गरी उनी घरबाट सुटुक्क टाढा गएकी छन् । ठकुरीकै अपराजिता कथामा प्रयुक्त पत्र हानिनोक्सानी हुने सन्दर्भमा लेखिएको पत्र हो । पति-पत्नी

विछोडको कारकका रूपमा प्रस्तुत पत्र रहेको छ । त्यसै पत्रको प्राप्तिपछि वसुन्धरा र पति देवेन्द्रको विछोड भएको छ । जव वसुन्धराले सरोजाबाट "मेरो गर्भमा पालिँदै गरेको शिशुको घर यही नै हो । तपाईंको सिन्दूर नै मेरो पनि हो" (ठकुरी, २०६८, पृ. ४१) भन्ने कुरा थाहा पाउछिन् तव यिनी स्तब्ध हुन पुग्छिन् । हिजोसम्म श्रद्धा गर्ने पतिलाई त्यस घटनापछि एकाएक घृणा गर्न पुग्छिन् र भन्छिन् "जानुहोस्, तपाइँ यहाँबाट पर जानुहोस् । म तपाइँको मुख पनि हेर्न चाहन्नँ" (ठकुरी, २०६८, पृ.४१) । पतिले वसुन्धरासँग क्षमायाचना गर्दछन् । यिनले आफूले गरेको भुलमा प्रायश्चित्त गर्दछन् तर पतिले आफू पत्नीप्रति गरिएको चुरा, सिन्दूर र पोतेको अपमान सहन नसकी यिनी पतिगृह त्याग गरी छुट्टै बस्न थाल्छिन् । त्यस घटनाको केही वर्षपछि पतिको मृत्युको खबर आएपछि यिनले आफ्नो विगत स्मरण गरेकी छन् । प्रस्तुत पत्र पुर्वस्मृतिका रूपमा आएको छ । शर्मिला खड्का (दाहाल) को आवृत्तिको क्यानभासमा कथामा प्रयुक्त पत्र सुरेश र मनसराले म पात्रलाई आफ्नो कुरा राख्दा थप हानिनोक्सानी हुने सम्भावना भएकाले लेखेका हुन् । प्रत्यक्ष भेटेर थप कुरा राख्दा हानिनोक्सानी हुने भएकाले पत्र लेख्नुपरेको छ । त्यस सम्बन्धमा कथामा प्रयुक्त पत्रमा भनिएको छ : "तपाइँलाई प्रत्यक्ष भेटेर यी सब कुरा गरेर जान मन थियो । तर उज्यालो भइसक्दा मेरो घर परिवारबाट थाहा पाएर मलाई लिन आउने सम्भावना भएकाले हामी यहाँबाट राम्रो उज्यालो नभइकन मोटरबाइकमा पोखरा जाँदै छौं" (खड्का, २०६८, पृ. १४१) ।

## कथामा पत्र प्रयोगको प्रयोजन

कथामा पत्रप्रयोग गर्नुको कुनै प्रयोजन रहेको हुन्छ । आरामी खबर, घरव्यावहारको जानकारी दिनु, सुखदुःख व्यक्त गर्नु, मायाप्रेम प्रकट गर्नु, आर्थिक कारोबार तथा कुनै विषयको जानकारी गराउनु पत्र लेखनका प्रयोजन हुन् । केही आधुनिक नेपाली कथामा प्रयुक्त पत्रमा यिनै विषयवस्तुको बोध गराउन पत्र लेखिएका छन् ।

सावित्री श्रेष्ठको अरनिकोकी स्वास्नी कथामा आरामी खबर व्यक्त गरिएको छ । प्रस्तुत पत्रमा भनिएको छ, "तिमीहरू आरामै हौला । हाम्रो बच्चाको राम्रो हेरचाह गर्नू । पछि मिलेछ भने तिमी र उसलाई पनि यता एकचोटि ल्याउनुपर्ला । यहाँ मेरो दिन साह्रै व्यस्ततापूर्ण भएको छ । राजा कुबेल खानको दरबारमा हिमाली परम्परागत कला विस्तार गर्दै छु" (श्रेष्ठ, २०७६, पृ. १००-१०१) । कलाकार अरनिकोले आफ्नी पत्नीलाई लेखेको प्रस्तुत पत्रमा घरपरिवारको आरामकुशलताको कामना गरिएको छ ।

गुरुप्रसाद मैनालीको बिदा कथामा प्रयुक्त पत्रमा घरव्यवहारका कुरा उल्लेख गरिएका छन् । एउटा नारीले आफ्नो जिम्मेवारी पूरा गरी छोरो जन्माएको, उसलाई लालनपालन गरी हुर्काएको र हिँड्न तथा बोल्न सक्ने भएपछि उसलाई बाबुको जिम्मा लगाएको, बाबु र छोरासँगै आफू बस्न नसक्ने भएपछि बाध्य भई पत्र लेखी आफूचाहिँ संसारबाटै सदाका लागि बिदा भएको सन्दर्भ प्रस्तुत गरिएको छ । पत्रमा भनिएको छ, "दर्शन पाएँ । दासीको जीवन सफल भो प्रभो ! यो अनाथ सन्तान जिम्मा लाउने मानिस नपाउँदा दुःख र वेदनाका ज्वालामा जलिरहेकी छु । आउनुभो, छोरो जिम्मा लिनुहोस् । छोरो ठुलो भएपछि तेरी दुःखी आमा यसरी मरी भनेर सुनाइदिनुहोला" (मैनाली, २०५७, पृ. ४४) । बच्चा जन्माउनु, हुर्काउनु नारीको कर्तव्य ठानिने; बच्चा हुर्किएपछि बाबुआमाको विछोड भएको अवस्थामा त्यो बच्चामा आमाको कुनै हक र अधिकार नलाग्ने तथा नहुने हाम्रो सामाजिक परम्परालाई पत्रमा मार्मिक ढङ्गले प्रस्तुत गरिएको छ । तिनले पनि यही सामाजिक चलनअनुसार बालक सानो भइन्जेल हुर्काएको र ठुलो भएपछि बाबुको जिम्मा लगाएको प्रसङ्ग प्रस्तुत पत्रमा बताइएको छ । रिता ताम्राकारको छटपटाहट अन्तर्मनको कथामा प्रयुक्त पत्रमा घरव्यवहारका कुरा सिकाइएको छ । पत्रमा भनिएको छ, "इज्जतको ख्याल नगरी बेइज्जतीलाई अगाल्नु राम्रो कुरा होइन ! तँ त्यस्तो कुकर्म गरेर आफ्नो मरेको बाबुको नाम नबिका किनभने पितृ रिसाए भने फलिफाप हुँदैन । ज्वाँइ र नातिनातिनाको आँसु तँलाई लाग्छ (ताम्राकार, २०६१, पृ. ८१) । पत्रमा आमाले छोरीलाई सम्झाएकी छन्, इज्जतको ख्याल राख्न भनेकी छन् । समाजमा फिँजिएको, आमाले सुन्नुभएको, आफू कोहीसँग सल्किएको भन्ने कुरा निराधार भएको कुरामा आमालाई विश्वस्त पार्न खोजिएको छ ।

माया ठकुरीको कोपिला र चट्टान कथामा प्रयुक्त पत्रमा विजयले आफू पढ्न त पाएन, दुई बहिनीहरूको जिम्मेवारीले

सहरमा पनि बस्न नसकेकोले पहाडमा काकाकहाँ जान बाध्य भएको दुःखद घटना प्रस्तुत गरिएको छ । पत्रमा भनिएको छ, "म आज यो ठाउँ छोडेर जाँदै छु । आफ्नो मात्रै होइन दुईओटी बहिनीहरूको समेत जीविका चलाउनको लागि । पढौँला, धेरै पढौँला भन्ने सोचेको थिएँ तर बोटदेखि अलगिएर फूलले कति दिन जीउ धान्न सक्छ र ? भएन दुईओटी बहिनीहरू पनि छन् । तपाइँबाट धेरै माया पाएको थिएँ, तपाइँले देखाउनुभएको बाटोमा हिँडिरहन मलाई परिस्थितिले दिएन" (ठकुरी, २०३९, पृ. ९८) । विजयको आफ्नो पढ्ने इच्छा हुँदाहुँदै पनि गरिबीले पढ्न नपाएको, मिसले धेरै सहयोग गर्नुभएको र मिसबाट धेरै प्रेरणा पाएको कुरा पत्रमा उल्लेख गरिएको छ । गङ्गा बीसीको शिविरको चिठी कथामा प्रयुक्त दुईओटै पत्रहरू पत्नी देवी र पति विवेक भेट हुन नसकेको अवस्थामा पारिवारिक सुखदुःखका सम्बन्धमा लेखिएको छ । पत्रमा भनिएको छ, "पोहोर साल ससुरा बितेपछि मेरो सहारा दिने मान्छे नै छैनन् भने पनि हुन्छ । दुई महिनाअघि नानी असाध्य बिरामी परी, दुई हप्तासम्म ओछ्यानमै सुती । काखको छोरो बिरामी भएको आज दस दिन भयो । अन्नपानी खान सक्दैन । औषधि उपचार गराउने दाम छैन । ऋण सापट पनि कसैले दिँदैनन्" (किरण, २०६७, पृ. ९९-१०२) । पति साथमा नरहँदा समाजले आफूलाई होच्याएको तथा खानका लागि विभिन्न दुःखपूर्ण कामहरू गर्नुपरेको तथा शिविरमा रहेका पतिको अवस्था पनि सन्तोषजनक नहरेको कुरा उल्लेख गरिएको छ ।

गुरुप्रसाद मैनालीको प्रायश्चित्त कथामा गौरीले गोविन्दसँग सहयोगको याचना गरी भनेकी छन्, "दर्शन नपाएको महिना दिन भइसक्यो । परमेश्वरका दिव्यचक्षुलाई ढाक्न खोजेथेँ, केही लागेन । नाथ ! डुबेँ, निस्सासिन लागेँ । तान्नुहोस् प्रभु ! यस अभागिनीको हात समातेर तान्नुहोस्" (मैनाली, २०५७, पृ. १६) । गौरी गोविन्दको मायाप्रेमले आकुल बनेकाले आफूलाई सहयोग गर्न भनेकी छन् । त्यस पत्रमा गौरीको प्रेमभाव प्रकटिएको छ । मैनालीकै चिताको ज्वाला कथामा प्रस्तुत दोस्रो पत्रमा एउटा प्रेमिकाले प्रेमीलाई अन्तिम पटक भेट्ने इच्छा प्रकट गरेर लेखिएको छ । "धेरै दिनदेखि परमे श्वरसँग मृत्युको याचना गरिरहेकी थिएँ किनकि मजस्ती अभागीले बाँच्नुभन्दा मर्नु नै श्रेयष्कर छ ।... डाक्टरवैद्यहरूले बाँच्ने आशा छैन भन्छन् अरे, बाँच्ने इच्छा पनि छैन । तपाइँको दर्शनको सारै अभिलाषा लागिरहेछ । एकपटक आफ्नी शशीलाई दर्शन दिएर जानुहोला" (मैनाली, २०५७, पृ. ९९) । प्रस्तुत पत्रमा असफल प्रेमीको असफल जीवन प्रस्तुत गरिएको छ । जीवनको अन्तिम क्षणमा प्रेमीलाई एकपटक भेट्न चाहेको कुरा प्रस्तुत पत्रमा उल्लेख गरिएको छ ।

माया ठकुरीको एवरग्रिन शान्ति कथामा पतिले कुनै अमूक नारीलाई सम्बोधन गरी लेखिएको पत्रमा पत्नीलाई सही मार्गमा डोहोऱ्याउने उपाय खोजिएको छ । पतिले बिर्सिएर छाडेजस्तो, पत्नीले भेटाएजस्तो तानाबाना बुनिएको त्यो सन्दर्भमा नारीलाई सही मार्गका ल्याउन प्रस्तुत पत्र लेखिएको छ । पत्नी अफिस गएपछि पतिले सधैँ घरमा अर्की आइमाईलाई बोलाउने गरेको जस्तो वहाना बनाइएको त्यस पत्रमा भनिएको छ, "तिमीलाई अजस्र माया साथै एउटा खुसीको कुरो- अघि अघिझैँ भोलि पनि शान्ति बाहिर जाँदै छिन्, यसर्थ तिमी उहीँ सधैँझैँ दस नबज्दै मकहाँ आइपुग्नु ल ! म लुरेलाई नानीहरू लिएर खेल्न पठाउने छु" (ठकुरी, २०५९, पृ. ५२) । पतिले पत्नीलाई घरकाजमा खटाउन तथा सही मार्गमा ल्याउन पत्नी कार्यालय गएको मौकामा आफूले घरमा अर्की महिला बोलाएको बहाना गरेका छन् । यिनले पत्नी बाथरुममा गएको बेला पत्र लेखी असावधानीले खसेजस्तो बिस्तारातिर राखी आफूचाहिँ बाहिरबाट नियालेर हेरिरहन्छन् । पत्र पढेपछि पत्नीको अनुहारमा आएको परिवर्तन नियाल्दै खुसी हुँदै अफिसतिर लाग्दछन् । भोलिपल्टबाट त पत्नीले ओच्छयानमै चिया ल्याइदिन थालेकी हुन्छिन् । यिनले पत्नीको दिनचर्या बारे लेख्दछन्, "शान्ति तँ सधैँ बाहिरकै दुनियाँमा मस्त रहन्छे ।... मलाई थाहा छ अरूले शान्ति अघि उसको जति नै प्रशंसा गरे तापनि उसलाई जीवनसँगिनीको रूपमा भने कसैले लिने छैनन् कारण, प्रथम ऊ छोराछोरीकी आमा, दोस्रो उसमा स्त्रीमा हुनुपर्ने गुण एउटै पनि छैन । यो ता मेरो फुटेको कर्म हो जो नरुचेको गाँस चपाउनुपरेको छ" (ठकुरी, २०५९, पृ. ५३) । मणिकुमारले नजानिँदो पाराले मज्जाले पत्नीलाई खसालेका छन् । बाहिर जतिसुकै चेपारो घसे पनि आफूभन्दा बाहेक अरू कुनै पुरुषले पनि यिनलाई मन पराउन नसक्ने कुरा पत्रमा लेखिदिएका छन् किनभने उनी छोराछोरीकी आमा हुन् तथा उनमा स्त्रीमा हुनुपर्ने गुण एउटै पनि छैन । यिनले पत्नीको ईर्ष्या जगाउनका लागि भनेका छन्, "साँच्चै नै चम्पा, पुरुषले नारीको सौन्दर्य मात्र चाहन्न उसको गुण चाहन्छ जो तिमीमा मात्र छ ।... अँ शान्ति जानासाथ म पर पसलबाट फोन गरेर जनाउने छु । फोन नपाए सम्झनु ऊ घरमै छ (जो सम्भव छैन) । भोलि र अरू पनि यस्तै धेरै भोलिको प्रतीक्षामा" (ठकुरी, २०५९, पृ. ५३) ।

सावित्री श्रेष्ठको अरनिकोकी स्वास्नी कथामा प्रयुक्त पत्रमा मायाप्रेमका कुरा प्रस्तुत गरिएका छन् । उनले आफू बाध्यतावश सातओटीसँग विवाह गर्न बाध्य भएको, आफूले वाचा तोडेकामा श्रीमतीसँग क्षमायाचना गरेका छन् । अरनिकोले पत्नीलाई पठाएको पत्रमा आफ्नी पत्नीसँग आफूले "तिमीबाहेक अरू कसैलाई छुन्न" (श्रेष्ठ, २०७६, पृ. १०४) भनेर गरेको वाचा गरेका पूरा गर्न नसकेकोमा माफी मागेका छन् । उनले नचाहँदा नचाहँदै आफ्ना आठओटी श्रीमती र तिनबाट आठ छोरीहरू र छ छोराहरू जन्मेको कुरा उल्लेख गरेका छन् । तिब्बता रहँदाको व्यस्तता, आफ्नो कलाकारिता, नचाहँदा नचाहँदै सातओटी रोज्नुपरेको सन्दर्भ प्रस्तुत पत्रमा अरनिकोले प्रस्तुत गरेका छन् ।

गुरुप्रसाद मैनालीको सहिद कथामा घरायसी कामकार्यबाहीका साथै आर्थिक कारोबारका कुरा पनि प्रस्तुत गरिएको छ । पत्रमा उल्लेख गरिएको छ, "दरबानीमा लाउनखान मात्र ठिक हुने, एक पैसा नजोगिने हुनाले आजकाल रिक्सा चलाउने काम गरिरहरेको छु । साह्रै कडा मिहिनेत गर्नुपर्छ । खानेसुत्ने फुर्सद रहँदैन । अहिलेसम्म चार सय जम्मा पारिसकेँ । अब दसैँसम्ममा छ-सात सय पुऱ्याउँछु र दसैँमा घर आउँछु अनि खेत निखन्नुपर्ला" (मैनाली, २०५७, पृ. ६२) । त्यस पत्रका विदेशमा आफ्नो कमाइ कम भएको, तैपनि साहुले दबाएको खेत फिर्ता गर्ने कुरा उल्लेख गरिएको छ ।

माया ठकुरीको कहाँ जाने दाइ? कथामा प्रयुक्त पत्रमा पुरुषले नारी जीवनप्रति गर्ने खेलवाडका कुरा प्रस्तुत गरिएको छ । विवाह हुने दिन नजिकिँदै गर्दा गाउँबाट चन्द्रमणिका पत्नी र छोरा आएपछि तथा उनको विवाह भइसकेको थाहा पाएपछि माधुरीले भन्दछिन्, "तपाईंको अनुहारमा लगाइएको सभ्यताको मुखुण्डो समय छँदै खुल्यो, यो मेरो अहोभाग्य भन्नुपर्दछ । तपाईंहरू जस्ता स्वार्थी पुरुषहरूले गर्दा नै आज हाम्रा गाउँघरका अनेकौँ निमुखी, सुधी युवतीहरूको जीवन जिउँदै लाससरह भइरहेको छ" (ठकुरी, २०६५, पृ. ३०) । नारी भएर नारीको सम्मान गर्न जान्नु पर्दछ । हाम्रो समाजका कतिपय नारीका शत्रु नारी नै हुन्छन् भनिन्छ । तर कथामा नारीका पीर मर्का नारीले बुझ्नुपर्छ र बुझेका हुन्छन् भनिएको छ । ठकुरीकै युद्ध कथामा घरव्यवहारसम्बन्धी विषयको जानकारी गराइएको छ । सन्तान प्राप्तिका लागि साधु भनाउँदाहरूको पछि लागि आफ्नै पत्नीको शरीर बेच्न चाहने पुरुष अहम्‌को परिणतिले निम्त्याएको विछोडको पीडा पत्रमा उल्लेख गरिएको छ । साधु भनाउँदा टुनेमुनेहरू र आफ्नै पत्नीको शरीर बेच्न पनि पछि नपर्ने लोग्नेहरूको दिमागमा चेतना दिनु र नारीलाई सजग गराउनु कथाको उद्देश्य रहेको देखिन्छ । पत्रमा भनिएको छ, "त्यस रात तिमीले मेरो अघि जुन प्रकारको लज्जास्पद प्रस्ताव राख्यौ, त्यो सुनेर म स्तब्ध भएकी थिएँ । समाजको अघि आफ्नो पौरुष प्रमाणित गर्नका लागि र आफ्नो दमित इच्छा पूरा गर्नका निम्ति तिमीले आफ्नी पत्नीलाई परपुरुषको अङ्कशायिनी बनाउन खोजेका रहेछौ" (ठकुरी, २०७४, पृ. २९-३०) । यसबाट नारी पुरुषका भोग्या मात्र ठान्ने प्रवृत्तिको विरोधमा पत्नी लागेकी छन् । नारीको सामाजिक अवस्थाको जानकारी गराउँदै नारी मुक्ति र नारी स्वतन्त्रताको आवाज त्यस पत्रमा व्यक्त गरिएको छ । ठकुरीकै किन्नर कथामा सामान्य मानिसलाई किन्नर कसरी बनाइन्छ भन्ने विषयको उल्लेख गरिएको छ । समाजमा निर्दोष व्यक्तिहरूलाई छलकपट गरेर किन्नरको रूपमा परिवर्तन गरिएको हुन्छ । कथामा प्रयुक्त पत्रमा भनिएको छ, "को ही जन्मजात किन्नर हुन्छन् त कोही मजस्तै पछि बनाइएका किन्नर हुन्छन् । कसैलाई शिशु अवस्थामै किन्नर बनाइएका रहेछन्" (ठकुरी, २०७२, पृ. १४-१७) । घरको आर्थिक अवस्थाका नाउँमा समाजमा छोराछोरी बेचिने चलन छ । उनीहरू बेचिएर भारतमा पुऱ्याई पुरुष अङ्गलाई छिनाइ किन्नर बनाएका हुन्थे । यिनीहरूमा मनमा कति पीडा हुँदो हो । आफ्नो घर, आफ्नो परिवार, आफ्नो थातथलो भन्न नपाउने । किन्नरका विषयमा लेखिएको प्रस्तुत पत्रमार्फत छोराछारी बेच्ने बाबुआमालाई सजग गराउन खोजिएको छ ।

## निष्कर्ष

कथामा प्रयुक्त पत्रमा कुनै एउटा विषयलाई स्पष्ट पार्न खोजिएको हुन्छ भने कतिपय सन्दर्भमा विभिन्न कुराहरू घर व्यवहार, सुखदुःख, मायाप्रेम, आर्थिक कारोबार, कुनै विषयको जानकारी गराइएको पनि हुन सक्छ । प्रेमीप्रेमिका तथा पतिपत्नीले प्रत्यक्ष राख्न नसकेको कुरा पत्रमार्फत राख्ने गरेको बुझिन्छ । प्रेमीले प्रेमिकालाई तथा प्रेमिकाले प्रेमीलाई लेखेका सबै पत्रमा मायाप्रेम मात्र नभई घरव्यवहारका कुरा पनि प्रस्तुत गरिएका हुन्छन् । पतिले पत्नीलाई तथा पत्नीले पतिलाई लेखेका पत्रमा घरव्यवहार, सुखदुःख, मायाप्रेमका साथै आर्थिक कारोबारका कुरा पनि प्रस्तुत गरिएका हुन्छन् । सहिद कथामा परदेशमा रहेको पतिले गाउँमा रहेकी पत्नीलाई पठाएको पत्रमा अब दसैँमा आउँदा

साहुको ऋण तिर्ने, छोरालाई लुगाफाटा फेराउने जस्ता कुराहरू उल्लेख गरिएका छन् । नारीवादी कथामा नारी चेतना दिनु र नारी जागरण गर्नु त्यतिबेलामा पत्रको उद्देश्य रहेको बुझिन्छ । नारीलाई घरभित्र मात्रै थुनिरहने मात्र होइन, उनीहरूलाई घरबाहिर पनि निस्कन दिनुपर्छ भन्ने स्वर त्यस्ता पत्रमा व्यक्त गरिएका छन् । महिला विद्रोह तथा महिला मुक्तिका स्वर पत्रमा व्यक्तिएका छन् ।

आधुनिक नेपाली कथामा प्रयुक्त पत्रका प्रयोक्ताका रूपमा घरपरिवारका सदस्य, पति-पत्नी, साथी-साथी, प्रेमिका-प्रेमी आदि रहेका छन् । भेटघाट हुन नसक्दा, आफ्नो विचार व्यक्त गर्न नसक्दा, आफ्नो विचार व्यक्त गर्न नचाहँदा, हानिनोक्सानी हुने अवस्थामा विचार सम्प्रेषणका लागि पत्र लेखिएका छन् । आरामी खबर दिनका लागि, घरव्यवहार सम्बन्धी कुराको आदानप्रदानका लागि, आपसी सुखदुःखको साटासाटका लागि, मायाप्रेम व्यक्त गर्नका लागि, आर्थिक कारोबारको कुरा उल्लेख गर्नका लागि, कुनै विषयको जानकारीका लागि पत्र वा पत्रांशको प्रयोग गरिएको पाइन्छ । कथाका पत्रले समाज, संस्कृति, सभ्यता, विकासको क्रम जस्ता पक्षको प्रतिनिधित्व गराएका छन् । ती इतिहासका महत्त्वपूर्ण सामग्रीका रूपमा रहेका छन् । तिनमा विगतको बयान, वर्तमानको व्यवहार, भविष्यलाई शिक्षा, प्राचीनताको खोजी, सभ्यताको मूल पहिचानको बाटो प्रस्तुत गरिएका छन् । पछिल्लो पुस्तालाई इतिहासबोधका लागि ती सामग्री महत्त्वपूर्ण छन् । नेपाली कथामा प्रयुक्त पत्रले समाजको प्रतिबिम्ब उतारेका छन् । ती पत्रको विषय र आवश्यकतालाई बुझ्न त्यतिबेलाको समाजलाई बुझ्नु आवश्यक र अपरिहार्य पनि छ । कथामा प्रयुक्त पत्रमा पत्रलेखन कालको समाज, संस्कार, वातावरणको प्रतिनिधित्व गरिएको पाइन्छ ।

## सन्दर्भ सामग्री


अर्याल, भैरव (२०५९), *साझा कथा (द.सं.),* ललितपुर : साझा प्रकाशन ।

काँचुली, मञ्जु (२०६४), *बेनामका मानिसहरू,* ललितपुर साझा प्रकाशन ।

किरण, प्रभाती (सम्पा.), (२०६७), *समकालीन नेपाली कथाहरू,* काठमाडौँ : आकृतिप्रकृति प्रकाशन ।

खड्का, शर्मिला (दाहाल) (२०६७), *समयको क्यानभासमा (दो.सं.),* इटहरी : उत्खनन नारी साहित्य प्रतिष्ठान ।

खड्का, शर्मिला (दाहाल) (२०६८), *क्यानभासमा कोरिएका कथाहरू,* काठमाडौँ : स्वर्णिमा नवसाहित्य प्रकाशन ।

खड्का, शर्मिला (दाहाल) (२०६९), *ओ मेरा प्रेम फूलहरू !,* काठमाडौँ : स्वर्णिमा नवसाहित्य प्रकाशन ।

खड्का, शर्मिला (दाहाल) (२०६९), *फेसबुक च्याटिङ,* काठमाडौँ : स्वर्णिमा नवसाहित्य प्रकाशन ।

ठकुरी, माया (२०३९), *साँघु तरेपछि,* ललिपुर : साझा प्रकाशन ।

ठकुरी, माया (२०५९), *गमलाको फूल (दो.सं.),* ललिपुर : साझा प्रकाशन ।

ठकुरी, माया (२०६२), *नजुरेको जोडी (दो.सं.),* विराटनगर : वनिता प्रकाशन ।

ठकुरी, माया (२०६५), *माया ठकुरीका कथाहरू (दो.सं.),* काठमाडौँ : भानु प्रकाशन ।

ठकुरी, माया (२०६८), *चौतारो साक्षी छ (दो.सं.),* ललिपुर : साझा प्रकाशन ।

ठकुरी, माया (२०७२), *प्रियंवदा (दो.सं.),* काठमाडौँ : रत्न पुस्तक भण्डार ।

ठकुरी, माया (२०७४), *आमा ! जानुहोस् (पाँ.सं.),* काठमाडौँ : रत्न पुस्तक भण्डार ।

ठकुरी, माया (२०७८), *प्रारम्भ,* काठमाडौँ : साङ्ग्रिला प्रकाशन ।

ताम्राकार, रिता (२०६१), *तुषारापात,* विराटनगर : वाणी प्रकाशन ।

मैनाली, गुरुप्रसाद (२०५७), *नासो (सो.सं.),* काठमाडौँ : अम्बिकाप्रसाद मैनाली ।

शर्मा, शान्ति (२०७७), *ग्रिन टावेल,* काठमाडौँ : शिखा बुक्स ।

श्रेष्ठ, जलेश्वरी (२०७५), *मौन विद्रोह (दो.सं.),* काठमाडौँ : बुकआर्ट नेपाल ।

श्रेष्ठ, सावित्री (२०७६), *मौन क्रन्दन,* काठमाडौँ : अक्षलोक प्रकाशन ।